"शान्ति, विकास र समृद्धिका लागि यूवा सहभागिता, युवामैत्री शासन प्रवर्द्धनमा हाम्रो ऐक्यबद्धता"

# लुम्बिनी युवा सम्मेलन - २०७९
# बुटवल, रुपन्देही

## Unlocking the Power of Youth for Social Transformation

## LUMBINI YOUTH CONFERENCE – 2022

# लुम्बिनी घोषणा-पत्र

किशोरकिशोरी तथा युवाहरू परिवर्तनका संवाहक, वर्तमानका साझेदार र भविष्यका राज्य सञ्चालक पनि हुन । राष्ट्रिय युवा नीतिले १६ देखि ४० वर्ष उमेर समूहका नागरिकहरूलाई युवाको परिभाषामा समेटेको छ । किशोरकिशोरी तथा युवाहरू कर्तव्यनिष्ठ, उर्जावान, सक्षम र सिर्जनशील उमेर समूहमा रहेकाछन् । राष्ट्रको समग्र विकास, परिवर्तन र प्रगतिमा किशोरकिशोरी तथा युवाहरूको सकारात्मक र रचनात्मक योगदान रहेको छ भन्ने कुरालाई सबैले आत्मसात गर्दै बालमैत्री, लैङ्गिकमैत्री अभियानसँगै युवामैत्री अभियान पनि सुरु भईसकेको छ । यद्पी, नेपालका हजारौं किशोरकिशोरी तथा युवाहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीका साथै राज्य संयन्त्रहरू, राज्य निर्माणमा उनीहरूको अर्थपूर्ण सहभागिता तथा किशोरकिशोरी तथा युवाहरूको समग्र विकासका लागि उनीहरूको चासोका विषयहरूमा उनीहरूको भूमिका गौण देखिनुका साथै राज्यबाट प्राप्त हुनुपर्ने अधिकारबाट वञ्चित छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८, नेपालले जाहेर गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु, नेपालको संविधान, दिगो विकासका लक्ष्य (२०१६–२०३०), पन्ध्रौं योजना, राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद ऐन २०७२, राष्ट्रिय युवा परिषद् नियमावली २०७३, युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना, युवामैत्री दिग्दर्शन, २०७९ लगायतका विभिन्न प्रतिवद्धता र दस्तावेजहरूमा युवा अधिकार र उनीहरूको समग्र विकासका विभिन्न प्रतिवद्धताहरू व्यक्त गरिएका छन् । यसरी युवाको समग्र विकासको लागि उनीहरूको अर्थपूर्ण सहभागिताका साथ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रतिबिम्बित भएका प्रतिवद्धता तथा व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्दै युवामैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्न पनि त्यति नै आवश्यक छ ।

यसै सन्दर्भमा, लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहमा किशोरकिशोरी र युवाहरूको क्षेत्रमा कार्यरत प्रदेश स्तरीय किशोरकिशोरी तथा युवा सञ्जालको आयोजना र प्रदेश सरकार, स्थानीय सरकार र विभिन्न किशोरकिशोरी तथा युवाहरूको क्षेत्रमा कार्य गर्ने संघसंस्थाको सहकार्य र सहभागितामा लुम्बिनी प्रदेशका १३९ जना

युवाहरूको सहभागितामा २०७९ भाद्र २२ देखि २४ गतेसम्म बुटवलमा **"शान्ति, विकास र समृद्धिका लागि युवा सहभागिता, यूवामैत्री शासन प्रवर्द्धनमा हाम्रो ऐक्यबद्धता"** भन्ने मूल नाराका साथ आयोजना गरिएको लुम्बिनी युवा सम्मेलनको अवसरमा हामी लुम्बिनी प्रदेशका सहभागी युवाहरूले किशोरकिशोरी तथा युवाहरूको हकहित र अधिकार प्राप्तिको लागि आ-आफ्नो संस्था, सञ्जाल तथा क्लबबाट योगदान गर्ने प्रतिबद्धता जाहेर गर्दै सरकार र सम्बन्धित सरोकारवाहरूलाई हामीले उठाएका सवालहरूलाई सम्बोधन गर्न ध्यानाकर्षण गराउँदै १२ बुँदे लुम्बिनी घोषणा-पत्र २०७९ जारी गर्दछौं ।

१. युवा शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघको संकल्प प्रस्ताव २२५० लाई सम्मान गर्दै यसलाई लागु गर्न, हिंसाको अन्त्य गर्न, द्वन्द्वबाट प्रभावित परिवार, घाइते युवाहरूलाई सम्मानजनक जीवन जिउने अधिकार संरक्षणको लागि माग गर्दछौं ।

२. प्रदेश र स्थानीय तहमा योजना तर्जुमा, नीति निर्माण र कार्यक्रममा युवाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न युवा सहभागिता निर्देशिका जारी गर्न माग गर्दछौं ।

३. प्रदेश र स्थानीय तहमा रहेर स्वत र स्फुर्त रूपमा स्थापना भएका नागरिक संघ-सङ्गठन, साझेदार संस्थाको पहलमा स्थापना भएको युवा तथा किशोरकिशोरीहरुको संस्था वा सञ्जालका सदस्यहरूको क्षमता अभिवृद्धि गर्दै छुवाछुत, बालविवाह, मानव बेचबिखन, दाइजो प्रथा, छाउपडी जस्ता कुरीतिहरूको अन्त्य र लागु पदार्थ दुर्व्यसनी, ओसार पसार, बिक्रि वितरणमा कडा कदम चाल्न र युवाहरूलाई कृषि, सहकारी, बचत र उद्धमशिलता जस्ता कार्यक्रमसँग जोड्दै स्वदेशमा नै बस्ने वातावरण सिर्जना गर्न माग गर्दछौं ।

४. कम्तिमा एक पालिकामा एक मनोविमर्शकर्ता, एक शैक्षिक संस्था, एक स्वास्थ्यकर्मी, एक पालिकाको एक युवा सहजकर्ताको व्यवस्था गरी कार्य गर्न माग गर्दछौं ।

५. तीन तहको सरकारसंग युवाहरूको बृद्धि विकास, शिक्षा, स्वास्थ्य, खेलकुद, क्षमता अभिवृद्धि, सचेतना कृषि उद्यम तथा उद्यमशीलताको लागि पर्याप्त बजेटको व्यवस्था गर्न माग गर्दछौं ।

६.प्रदेश युवा परिषद, जिल्ला युवा समितिलाई समावेशी बनाउँदै आवश्यक कार्यविधि बनाई प्रत्येक स्थानीय तहमा युवा तथा किशोरकिशोरीको सञ्जालहरूको समेत प्रतिनिधित्व सुनिश्चित हुने गरी पालिका स्तरीय युवा परिषद र पालिका स्तरीय युवा समिति गठन गरी कार्य गर्न माग गर्दछौं ।

७. स्थानीय तहलाई बाल मैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्री, बालश्रम मुक्त, बालविवाह मुक्त र पोषण, अभियानलाई प्रवर्द्धन गर्दै किशोरी तथा युवतीहरूमाथि हुने यौनजन्य हिंसाको अन्त्यका लागि आवश्यक नीति, कार्यक्रम, कानून र बजेटको व्यवस्था सुनिश्चित गर्न माग गर्दछौं ।

८. कोरोना महामारीको निराकरण हुन नसकेको अवस्थामा थप डेंगीको प्रकोप पनि फैलिरहेकोले यसको रोकथाम र प्रभावकारी स्वास्थ्य उपचारको माग गर्दछौं ।

९. युवा तथा किशोरकिशोरीका सवालहरूलाई सम्बोधन गर्न स्थानीय, प्रदेश र संघीय चुनावमा कम्तिमा ५० प्रतिशत युवा उम्मेद्वारीका लागि विशेष नीति बनाउन माग गर्दछौं ।

१०. जलवायु परिवर्तन र यसले पारेको असर न्यूनीकरणको लागि युवा तथा किशोरकिशोरी र सम्बन्धित सञ्जाललाई  यसको न्यूनिकरणका लागि सम्बन्धी ज्ञान सीप अभिवृद्धी गरी, परिचालन गर्न माग गर्दछौं ।

११. पछाडि पारिएका र परेका, जोखिममा रहेका परिवारका युवा तथा किशोरकिशोरीको लागि उच्च शिक्षाको सुनिश्चित गर्दै छात्रवृत्तिको व्यवस्था गर्न प्रदेश तथा स्थानीय सरकार समक्ष माग गर्दछौं ।

१२. दलित, सीमान्तकृत, पछाडि पारिएका र परेका वर्ग, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, विपद्को महामारीको जोखिममा परेका परिवार, एसीड आक्रमणबाट प्रभावित व्यक्ति तथा विभिन्न हिंसाबाट प्रभावितको लागि न्याय र सामाजिक सुरक्षा सहितको विशेष कार्यक्रमको माग गर्दछौं ।

मिति : २०७९ साल भदौ २४ गते

द्वारिका हरीजन

अध्यक्ष

प्रदेश स्तरीय किशोरकिशारी तथा युवा सञ्जाल

लुम्बिनी

अन्य सम्मेलनका सहभागीहरू